**मिति २०७४/७/२७ गते सोमबारका दिन बसेको वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड बैठकले गरेका निर्णयहरु**

१. अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरुलाई आवश्यक पर्ने प्रशिक्षक उत्पादन गर्नका लागि सार्वजनिक सूचनामार्फत निवेदन आह्वान गरी २०० जनासम्मलाई प्रशिक्षणमा सहभागी हुन सहभागीहरुबाटै रु. १० हजारका दरले रकम लिई प्रशिक्षक प्रशिक्षण (ToT) सञ्चालन गर्न अनुमति बोर्ड सचिवालयलाई प्रदान गरियो ।

२. कतार, साउदी अरेबिया, मलेसिया लगायतका मुलुकमा आवश्यक पर्ने स्थानीय जनशक्तिका विषयमा परराष्ट्र मन्त्रालयमार्फत माग र लागत प्राप्त भए पछी बोर्ड बैठकमा पेस गर्ने ।

३. वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कार्य सञ्चालन निर्देशिका, २०६८ लाई समयानुकूल संशोधनको मस्यौदा तयार गरी पेस गर्न सचिवालयलाई निर्देशन दिने ।

४. वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस प्राप्त भएका जिल्ला शिक्षा कार्यालय लाई छात्रवृत्ति सिफारिस समितिको बैठक भत्ता र मसलन्द खर्च बापत हाललाई प्रति जिल्ला शिक्षा कार्यालय एकमुष्ट २० हजारका दरले रकम निकासा दिने ।

५. चालु आवको प्रथम चौमासिक अवधि समाप्त भएपछि वार्षिक कार्यक्रम संशोधन गर्ने क्रममा प्रस्तावित विषयहरु लगायतलाई समावेश गरी पेस गर्ने ।

विविध

१. सुरक्षित आप्रवासन परियोजनाको आगामी चरणको परियोजना बोर्डमार्फत सञ्चालन गर्ने सम्बन्धमा छलफल भइरहेको विषयमा बोर्डलाई जानकारी प्राप्त भयो ।

२. वैदेशिक रोजगारमा जानेहरुलाई अनिवार्य सिपमूलक तालिम प्रदान गरी वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने सन्दर्भमा जिम्मेवार संस्थाहरुमार्फत समेत गुणस्तरीय तालीमको व्यवस्था गर्ने सम्बन्धमा आवश्यक अध्ययन समेत गरी कार्यविधि तयार गर्ने । यस सम्बन्धमा बोर्डको सचिवालयले सम्बन्धित निकाय र सरोकारवाला प्रतिनिधिहरुको सहभागिता हुने गरी एक समिति गठन गरी कार्यविधिको मस्यौदा गर्ने ।

३. वैदेशिक रोजगारीलाई तुलनात्मक रुपमा उच्च आय हुने मुलुकमा बजारीकरण गर्न वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको प्रयत्नलाई केन्द्रीकृत गर्ने ।

४. वैदेशिक रोजगारीमा गई अलपत्र परेका कामदारहरुको उद्धारका विषयमा नियोगको माग बमोजिम कानुनमा व्यवस्था भएका विषयहरुलाई उल्लेख गरी विदेश स्थित कूटनीतिक नियोगहरुलाई पत्राचार गर्ने ।

Scanned by CamScanner